परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक २३ २०८१ माघ १३ आईतवार Sunday 26, JAN 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## विराट एक्स्पो भव्यताका साथ समुद्घाटन

विराटनगर । संघिय सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलले विराट एक्स्पोको भव्यताका साथ समुद्घाटन गरेका छन् ।



उद्योग संगठन मोरंगद्धारा आयोजित विराट एक्स्पो-२०२५ उद्घाट समारोहका प्रमुख अतिथी संघिय सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलल समुद्घाटन गर्दै भने मुलुकको समृद्धि र सामाजिक न्याय हासिलका लागि सरकार प्रतिबद्ध रहेको वताउँदै सरकार आर्थिक, सामाजिक, शैक्षिक तथा औद्योगिक क्षेत्रमा देखिएका समस्या समाधान गर्न गम्भीर रहेको उल्लेख गरेका थिए ।

मुलुक अप्ठ्यारो अवस्थामा रहेका बेलामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको सहकार्यमा सरकार गठन भएको र यो सरकार सबै समस्या समाधान गर्न तीव्र गतिमा काम गरिरहेको उहाँको भनाइ थियो ।

त्यस अवसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले प्रदेशको आर्थिक विकासका निम्ति विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको धारणा राखेका थिए । विराटनगर महानगरपालिका का प्रमुख नागेश कोइराला ले निजी क्षेत्रले इमान्दारी पूर्वक राज्यको काममा सहयोग गरिरहेको उल्लेख गर्दै एक्स्पोले निजी क्षेत्रलाई फाइदा पुग्ने बताए

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन एक्स्पो सहयोगी हुनेमा विश्वास व्यक्त गरेका थिए ।

उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले पूर्वमा उद्योग सञ्चालन गर्न दक्ष जनशक्तिको अभाव रहेकोले विदेशी लगानी भित्रिन छोडेको वताउँदै यूवा शक्तिलाई विदेश पलायन हुनवाट रोक्न आफ्नै देशमा रोजगारीको सृजना गर्नुपर्ने वताए । एक्स्पो माघ २० गतेसम्म सञ्चालन हुने छ ।

## चौथो प्रादेशिक ज्याम्बोरेट डिग्रीक्याम्पसको प्रांगणमा

विराटनगर । प्रादेशिक स्काउट कार्यालय विराट नगरको आयोजनामा अगामी माघ २५ गतेदेखि २८ गते सम्म चौथो प्रादेशिक ज्याम्बोरेट डिग्रीकयाम्पस विराटनगरको प्रांगणमा हुने भएको छ ।

नेपाल स्काउट कोशी प्रदेशका आयुक्त हेमन्त भण्डारीले विराटनगरमा पत्रकार सम्मेलन गरी "अनुशासन र एकता, समृद्धिको आधार मुख्य नारा रहेको चौथो प्रादेशिक ज्याम्बोरेट विराटनगरको डिग्रीकयाम्पसको प्रांगणमा हुने जानकारी गराए ।

धर्मिक, पौराणिक, ऐतिहासिक, औद्योगिक एवं पर्यटकीय नगरीमा संचालन हुने ज्याम्बोरेटमा विभिन्न सहासिक, बौद्धिक, मनोरञ्जनात्मक, सिर्जनात्मक खेल प्रदर्शनी, हस्तकला, सांस्कृतिक प्रस्तुती, खाद्य पाकवान प्रदर्शनी लगायतका प्रतियोगितात्मक र अप्रतियोगितात्मक क्रियाकलापहरु संचालन हुने नेपाल स्काउटका सह आयुक्त किरण गिरीले जताए ।

ज्याम्बोरेटमा कोशी प्रदेशका विभिन्न स्थानीय तहबाट करीव ३ हजार ११ वर्षदेखि १६ वर्षसम्मका स्काउट बालबालिका एब स्काउट लिडरहरु र अन्य ६ वटा प्रदेशबाट ५ सय तथा आयोजक र स्वयंसेवक सहित जम्मा ३ हजार ५ सय स्काउटहरु सहभागी हुने भएको छ ।

ज्याम्बोरेटमा ३५ लाख २० हजार खर्च लाग्ने आयोजकले अनुमान गरिएको छ । बिगतमा क्षेत्रीय स्तरमा ३ वटा ज्याम्बोरेट सम्पन्न भैसकेका छन् । जसमा २०५९ धरान, २०६९-दमक, २०७४ विराट नगरमा भएको थियो ।

विक्रम सम्वत २००९ साल असार ०५ गते विधिवत रूपमा स्थापना भएको नेपाल स्काउटको हाल नेपालको सबैधानिक व्यवस्था अनुरुप नेपाल स्काउट नियमावली २०७७ संसोधन २०८० बमोजिम केन्द्रिय, प्रादेशिक र स्थानीय तह गरि तीन तहको संरचनागत समिती र कार्यालयहरु स्थापना एवं गठन भई सचालनमा रहको छ ।

## विराटनगरमा कोशी विचार उत्सव हुने

विराटनग । वीणा फाउन्डे-शनले कोशी प्रदेशको राजधानी विराटनगरमा कोशी विचार उत्सव २०२५ आयोजना गर्ने भएको छ ।

कोशी विचार उत्सवका संयोजक वरुण झाले नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी २०८१ फागुन १५ देखि १७ गतेसम्म कोशी विचार उत्सम २०२५ हुने जानकारी गराए ।

उत्सवको मुख्य उद्देश्य राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कोशी प्रदेशको ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, सामाजिक, लैंगिक, शैक्षिक, भाषिक, साहित्यिक, राजनीतिक, पर्यटन, उद्यम-व्यवसाय, औद्योगिक अवस्था, पत्रकारिता, जलवायु परिवर्तन, स्वास्थ्य र अन्य सन्दर्भहरु बारे विमर्शको माध्यमबाट समुचित प्रसार गर्नु रहको झाले वताए ।

खुल्ला संवादको प्रवर्धन गर्न र प्रदेशको विकासका लागि सरोकारवालाहरु बीच रचनात्मक विमर्शको माध्यम बाट सम्बन्धित पक्षमाथि दबाब सिर्जना गर्न, बौद्धिक र सांस्कृतिक सम्पदाको संरक्षण संवर्धन प्रवर्धन गर्ने, मूल्यवान परम्परा-संस्कृतिको संरक्षण र विभिन्न ऐतिहासिक धरोहर हरुलाई उजागर गर्नु, आर्थिक विकासका लागि अधि बढ्न र नवीन विचारका साथ समाधानको विकल्पहरु खोज्न, युवा सशक्तिकरण गर्न अन्य धेरैवटा लक्ष्यहरु समाधान गर्न उत्सव आयोजना गर्न लागिएको पत्रकार सम्मेलनमा झाले जानकारी गराए ।

तीन दिनसम्म चल्ने विभिन्न सत्रहरु अर्न्तात अलग अलग विषयमाथि विमर्श गर्दै प्रस्तुत गरिनेछ र निर्मायक प्रस्तुति गर्नुभन्दा अगाडि तयारीको क्रममा आवश्यक रहेको अन्य धेरैवटा सहयोगी कार्यक्रमहरुको आयोजना फागुनको प्रथम सातादेखि नै संचालन गर्ने योजना रहेको छ । यस क्रममा प्रदेश भित्रका सरकारी तथा निजी विद्यालयहरुका बालबालिका बीच बक्तृत्वकला र कविता बाचन प्रतियोगितामा सह-भागिताका लागि छनोट (अडिसन) कार्यक्रमहरु, फागुन ७ गते प्रजातन्त्र दिवसको दिन ट्राफिक चेतना बढाउने कार्यकम र फागुन १४ गते फोहर संकलन दौड प्रतियोगिताको आयोजना गर्ने उत्सवका सदस्य विरेन्द्र केएमले वताए ।

फागुन १५ गतेका दिन यस आयोजनाको उद्घाटन सम्माननीय प्रधानमन्त्री के.पी. ओलीज्युबाट हुने अपेक्षा गरिएको छ । अन्य विशिष्ट पाहुनाहरुमा प्रतिनिधिसभाका सभामुख, संघीय सरकारका मन्त्री, पूर्व मन्त्री, प्रदेश सरकारका मन्त्री-पूर्वमन्त्रीहरु र राष्ट्रिय सभा, प्रतिनिधि सभा प्रदेश सभा एवं स्थानीय निकायका माननीय जनप्रतिनिधिहरु, सामाजिक-सांस्कृतिक, बौधोगिक, संचार र कला क्षेत्रका विभिन्न गणमान्य व्यक्तित्वहरुको सहभागिता रहने आयोजकले जानएको छ ।

तीन दिनसम्म चल्ने यस कोशी विचार उत्सवमा कुल १६ वटा विषयांसन्दर्भ माथि विषय विज्ञहरुद्वारा विमर्शको कार्यक्रम रहेको छ । २५ जना युबाहरुको सहभागितामा मैले हेर्न चाहेको कोशी प्रदेश विषयक युवाशक्तिको कल्पनाको कोशी प्रदेश कार्यत्रम गरिने छ । यो कार्यक्रम समापन दिवसमा आयोजना हुनेछ ।

उत्सवको मुख्य आकर्षणमा यी विमर्शका सत्रहरुका साथै बाल बालिकाहरुको कविता बाचनको फाइनल राउन्ड, पुरस्कार वितरण र तीनै दिन सन्ध्याको समयमा राष्ट्रिय

वांकी अन्तिम पेजमा...






## सम्पादकीय

# गुणस्तरीय व्यवस्थापन प्रणाली

कोशी प्रदेशको राजधानी विराटनगरमा उद्योग संगठनको आयोजनामा आठौ सस्करणको विराट एक्स्पो २०२५ शनिवार संघिय उपप्रधान मन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलले समुद्घाटन गरको छ। माघ २० गते सम्म चल्ने एक्स्पो ले अर्थतन्त्रलाई केही चलायमान वाउने उदेश्य लिनुका साथै स्थानीय उत्पादन लाई विश्व बजारीकरण सम्म पुऱ्याउ महत्वपूण भूमिका एक्स्पोले खेल्न आयोजकले अपेक्षा रको छ। उक्त एक्स्पोमा नयाँ लगानी कर्ता उद्योगी व्यवसायीले उद्योग सञ्चालन गर्दा अपनाउनु पर्ने गुणस्तरीय व्यवस्थापन प्रणाली समेत जानकारी गराउने भएको छ।

अहिलेको युगमा सूचना प्रविधिको द्रुत विकाससँगै गुणस्तरीय सामग्री उत्पादन र व्यवस्थापनले अझ बढी महत्व पाएको छ। सत्यता, स्पष्टता, सुसंगतता र आकर्षणलाई ध्यान दिनु अनिवार्य छ। अनलाइन प्लेटफर्महरूमा प्रतिस्पर्धा तीव्र भएसँगै पाठकहरूको रुचि समात्न सक्ने, तथ्यमा आधारित, र सान्दर्भिक सामग्रीको खाँचो अत्यधिक महसुस भइरहेको छ। यस्तै अवस्थामा, गुणस्तरीय व्यवस्थापन प्रणालीले प्रक्रियालाई सरल, दिगो र प्रभावकारी बनाउन मद्दत गर्छ।

एक्स्पोमा उद्योगी व्यवसायीले आफ्नो उद्योग, औद्योगिक प्रतिष्ठानहरुको गुणस्तर मापदण्ड प्रणालीअनुसार कस्तो अवस्थामा छ, अनुपालना गर्नु पर्ने प्रावधानहरुको पालना भएको छ, छैन लगायत समग्र आफ्नो उद्योगको अवस्था एवं क्षमताबारे व्यवस्थापन प्रणाली परीक्षण गर्न सक्ने ज्ञान दिन्छ। जसले गर्दा नयाँ यूवा पिढिलाई एक्स्पोको माध्यमवाट उर्जाशिल बनाउनुका साथै प्रविधी मैत्री समेत वनाउँछ। उपभोक्तले पाउने जस्तै सुकै चीज भएपनि गुणस्तर हुन आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# बैंकमा तरलता, बजारमा मिटरब्याज

डा. होमनाथ गैरे

गत पुस २४ गते नेपाल राष्ट्र बैंकले मुलुकको वित्तीय प्रणालीबाट ८० अर्ब रूपैयाँ खिचेर आफ्नो ढुकुटीमा राखेको समाचार आयो।

बैंक तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम (तरलता) बाट कर्जा वा सापटी लिने ग्राहक (ऋणी) नआएपछि ब्याजदरमा चाप पर्ने हुन्छ। यस्तै अवस्था देखिएपछि केन्द्रीय बैंकले बैंकिङ प्रणालीबाट उक्त परिमाणको नगद उठाएको हो।

विगत केही महिनादेखि केन्द्रीय बैंकले हरेक हप्ताजसो बैंकिङ प्रणालीबाट नगद उठाउँदै आएको छ। अर्थतन्त्रमा तरल सम्पत्ति वा नगदको उचित मात्रा व्यवस्थापन गर्न राष्ट्र बैंकले विभिन्न मौद्रिक औजार प्रयोगबाट बजारमा बढी भएको नगद खिचेर आफ्नो ढुकुटीमा राख्छ। त्यस्तो नगद आवश्यकता अनुसार बजारमा पठाउँछ।

खासगरी एक महिनाभन्दा छोटो समयका लागि पैसा खिच्ने र प्रवाह गर्ने गरिन्छ। त्यसरी बजारबाट खिचिएको करिब डेढ खर्ब रूपैयाँ हाल राष्ट्र बैंकको ढुकुटीमा छ। राष्ट्र बैंकले सम्बन्धित बैंकलाई त्यसको ब्याज समेत तिरिरहेको छ।

विगत केही वर्षदेखि नेपालमा बैंकिङ प्रणालीको लगानीयोग्य रकम (तरलता) र ब्याजदर आर्थिक समाचारको प्रमुख विषय बन्ने गरेको छ। राष्ट्र बैंकले त्यति ठूलो परिमाणमा तरलता खिचेपछि वित्तीय सेवाको पहुँचका सन्दर्भमा व्याप्त विसंगति फेरि एकपटक सतहमा आएको छ।

करिब एक वर्षअघिसम्म बैंकिङ प्रणालीमा तरलता अभाव र ब्याजदरमा तीव्र उतार चढावले व्यावसायिक वातावरण मा प्रतिकूल असर गरेको विषय चर्चाको शिखरमा थियो।

त्यस बेला प्रणालीमा मागको तुलनामा तरलता आपूर्ति कम भई कर्जाको ब्याजदर बढेर दोहोरो अंकमा पुगेको थियो।

अहिलेको समस्या अर्कै छ। एकातर्फ बैंकिङ प्रणालीमा तरलता धेरै भएर नेपाल राष्ट्र बैंकले हरेक हप्ताजसो अर्बौं रूपैयाँ बजारबाट उठाएर बैक तथा वित्तीय संस्थाहरूलाई ब्याज तिर्नुपरेको छ।

अर्कोतर्फ बैंकमा निक्षेप राख्ने बचतकर्ताले पाउने ब्याजदर अर्थतन्त्रको मुद्रास्फीति दरभन्दा पनि तल पुग्दा बचतको प्रतिफल ऋणात्मक हुन गएको छ।

कर्जाको ब्याजदर घटेर एकल अंकमा आएको छ। तैपनि बजारमा कर्जाको मागै नभएर बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न सुविधा सहितका आकर्षक लगानी योजना ल्याउँदा पनि माग बढ्न सकेको छैन।

उता बैंक तथा वित्तीय संस्थाहरूको पुरानो लगानी को साँवाब्याज असुली नियमित हुन नसक्दा निष्क्रिय कर्जा, कर्जा नोक्सानी कोष र गैरबैंकिङ सम्पत्ति चुलिएको छ। यसले सेयरधनीले पाउने लाभांश पनि घटाएको छ।

विभिन्न बहानामा विदेश जाने युवाजनशक्तिको लर्को छ। नेपालमै उद्यमशीलता मा लागेका साना तथा मझौला व्यवसायी धितो राख्ने स्थिर सम्पत्ति नभएर कर्जा पाउने नसक्ने अवस्थामा छन्।

सहकारी संस्थामार्फत कारोबार गर्नेहरूको बचत र सहकारीको लगानी डुबेको विषयले त देशको राजनीतिमै प्रभाव पारेको छ।

औपचारिक वित्तीय प्रणालीमा पहुँच नभएका र वित्तीय साक्षरता न्यून भएका घरेलु तथा साना व्यवसायी र साना ऋणीहरू मध्ययुगीन सामन्ती सुदखोरी प्रथाको झल्को दिने अनुचित लेनदेन (मिटर ब्याज) को चक्रब्यूहमा फस्ने गरेका छन्।

यस आलेखमा मध्य युगीन सामन्ती तथा सुदखोर (मिटरब्याज) प्रवृत्तिले समाजमा निम्त्याएको विसंगतिको चर्चा गरेको छु। त्यस्तो प्रवृत्ति न्यूनीकरण तथा रोकथामका लागि राज्यतर्फबाट भएका प्रयास र उपलब्धिको पनि चर्चा गरेको छु।

मिटरब्याज र यसको समस्या

सर्वसाधारणले बुझ्ने गरी भन्दा मिटरब्याज भनेको गैरकानुनी तरिकाले ऋण दिएर अस्वाभाविक रूपमा लिने उच्च ब्याज नै मिटरब्याज हो।

नेपाल सरकारले २०८० सालमा बनाएको कानुनले यस्तो अनुचित लेनदेनलाई गैरकानुनी कारोबारका रूपमा परिभाषित गरेको छ। त्यस्तो गैरकानुनी क्रियाकलाप कानुनी दायरामा ल्याउन सरकारले 'मुलुकी संहिता' सम्बन्धी केही नेपाल ऐन संशोधन गरेको छ।

मिटरब्याजमा ऋण दिने साहुले कागजमा लेखिएको वा द्विपक्षीय सहमति भएकोभन्दा निकै बढी ब्याज लिन्छ। रकम असुलीका लागि गालीबेइज्जति, धाक धम्की, शरीर बन्धक, सम्पत्ति कब्जा जस्ता अपराधका उपाय समेत अपनाउँछ।

यस्तो गैरकानुनी ऋणमा अत्यधिक उच्च ब्याजदर हुन्छ। ऋण दिने साहुले हरेक वर्ष ब्याजको रकम साँवामा जोडेर जबरजस्ती अर्को लिखत बनाउँछ। यस्तो ऋणमा कुनै औपचारिक कानुनी प्रक्रिया नहुँदा साहु र ऋणी दुवै असुरक्षित हुन्छन्। यस्तो ऋण गैरकानुनी हुने भएकाले साहुले असुलीमा कानुको सहारा लिन सक्दैनन्।

ऋण उठ्दैन भन्ने लागेमा वा सम्पत्ति कब्जा गर्ने नियत भएमा उसले आपराधिक गतिविधि गर्छ। नेपालमा मिटरब्याजको समस्या ग्रामीण क्षेत्रमा मात्र सीमित छैन, सहरी क्षेत्रमा पनि उत्तिकै छ।

यस्तो गैरकानुनी ऋण लेनदेनले न्यून आय भएका र सोझासिधा मानिसलाई आर्थिक रूपले कहिल्यै नउम्कने ऋणको पासोमा पारेको हुन्छ। पासोबाट उम्किन रहलपहल सम्पत्ति समेत गुमाउनुपरेको छ।

कतै त ज्यानै जाने अवस्था समेत सिर्जना भएको छ।

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगले दिएको सुझाब अनुसार कानुनमा भएको संशोधनले मिटरब्याजी साहुविरूद्ध ठगी र सम्पत्ति शुद्धीकरणको मुद्दा चलाउन सक्ने व्यवस्था गरेको छ।

तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याज प्रथालाई सामन्ती शोषणको अवशेष भनेका थिए। संशोधित ऐनले त्यस्तो सामन्ती शोषणमा न्यायको बाटो खोलिदिएको छ। ऋण लेदनदेनमा अन्यायमा परेको पक्ष कानुनी उपचारमा जान पाउने भएको छ।

कहाँ छ विसंगति ?

सरकारले २०७९ चैतमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो।

उक्त आयोगले ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पीडित सहायता कक्ष खडा गरेर उजुरी आह्वान गरेको थियो जसमा २५ हजार हाराहारी उजुरी परेका थिए।

आयोगको अध्ययनमा पीडित ऋणीहरूले विवाह, व्रतबन्ध, औषधोपचार, वैदेशिक रोजगारी जस्ता प्रयोजनमा र मृत्यु जस्ता घटनामा स्थानीय साहुसँग ऋण लिएको पाइएको थियो।

आयोगले बैंक तथा वित्तीय संस्था, सहकारी, लघु वित्त लगायतले गरिबीको रेखा मुनिका सर्वसाधारणलाई ऋण नपत्याएपछि स्थानीय साहुसँग महँगो ब्याजमा ऋण लिनुपरेको यथार्थ समेत पुष्टि गरेको थियो।

मिटरब्याजी साहुहरूले ऋणीको जग्गा बन्धक राख्ने मात्र होइन कि, ऋण दिँदा नै छिन्ती गराएर हडप्ने गरेको, ऋणीसँग खाली चेक लिएर दोब्बर-तेब्बर रकम लेखी चेक बाउन्समा मुद्दा हालेको, ऋणभन्दा कयौं गुणा बढी रकम तिरिसक्दा पनि ऋणमुक्त नभएको जस्ता घटनाहरू आयोगले फेला पारेको थियो।

तराईका अधिकांश र कतिपय पहाडी जिल्लाहरूमा वर्षौंदेखि अनुचित लेनदेनमा ठूलो झमेला रहेको पाइएको छ। दिएको भन्दा तीन गुणासम्म बढी रकम लेखेर कपाली तमसुक बनाउने, साँवाब्याज भुक्तानी गरिसक्दा पनि तमसुक फिर्ता नगर्ने र आपराधिक उपायबाट शोषण गरिरहने प्रवृत्ति छ।

आयोगको सिफारिसपछि कानुन संशोधन भए पनि समस्या सुल्झिएको छैन। राजनीतिक दलका कतिपय नेता तथा पहुँचवाला कार्यकर्ता पनि मिटरब्याजी साहु छन्। तिनले आफू विरुद्धको मुद्दा कमजोर पार्ने प्रयास गर्ने गरेका छन्। अन्य साहुहरूले पनि आफ्ना पक्षमा पहुँच पुऱ्याउने गरेका छन्।

मिटरब्याजको समस्या समाधान गर्न, पीडितलाई न्याय दिन र वित्तीय क्षेत्रको असन्तुलन न्यूनीकरण गर्न सबै तहका सरकार, नेपाल राष्ट्र बैंक र विभिन्न कानुनी तथा सामाजिक संयन्त्रहरू सक्रिय हुन जरूरी छ।

सर्वसाधारणमा सुलभ वित्तीय पहुँच स्थापित गरी अर्थतन्त्र गतिशील बनाउने र न्यून आय भएका परिवार तथा समुदायको जीवनस्तर सुधारमा योगदान गर्ने उद्देश्यले स्थापित वित्तीय वित्तीय संस्थाहरू सहयोगी हुन सकेनन्। यस परिस्थितिमा स्थानीय साहुसँग ऋण लिनुपर्ने बाध्यता भयो।

न्यून आय भएका परिवार र साना तथा मझौला व्यवसायीलाई सहुलियत ढंगले वित्तीय सेवा प्रदान गर्न सरकार र केन्द्रीय बैंकले लघुवित्त संस्था प्रवर्द्धन गरे। आखिर तिनै

बाँकी ५ पेजमा...

# विराट राजवंशीको १८ औं बृहत भेलालाई सभ्य र भव्य वनाउन समिति गठन

राजेश कुमार राजवंशी

विराटनगर । विराट राजवंशी समुदायले आफ्नो गुमेको पहिचान, प्रतिष्ठा र परम्परागत सांस्कृतिक मुल्य मान्यता प्राप्तिका लागि १८औं बृहत भेलालाई सभ्य र भव्य बनाउन समिति गठन गरेका छन ।

राजवंशी समाज उत्थान समिति केन्द्रिय सचिव बानेश्वर (वसन्त) राजवंशीको संयोजकत्वमा मुल समिति गठन गरेका छन ।

समाज उत्थान समिति मोरङ जिल्ला सचिव राजेश कुमार राजवंशी सह संयोजक विराट राजवंशी युवा अध्यक्ष विक्रम राजवंशी सचीव लगायत समिति चयन गरेको छ ।

त्यसैगरी उपसमितिहरुमा ईन्द्रलाल राजवंशी संयोजक आर्थिक, प्रचार-प्रसार समितिको संयोजक रामशिह राजवंशी, मन्च व्यवस्थापन समितिको संयोजक पन्ना लाल राजवंशी, मोटरसाइकल र्याली संयोजक सुन्दर लाल राजवंशी लगायत लाई जिम्मेवारी दिएका छन।



केन्द्रिय समितिको भेलाले १८औं बृहत भेलालाई बृहत प्रचार प्रसार राजवंशी समाज उत्थान केन्द्रिय समिति (विराट) का केन्द्रिय उपाध्यक्ष प्रदीप विस्वास राजवंशीले १८औं बृहत भेला सफल पार्न भव्य र सभ्य रूपमा मनाउने भएकोले सम्पर्ण विराट राजवंशी समुदायलाई सहभागी हुन समेत आह्वान गरेको छन ।

विराटनगर-४ कन्चन वारी आयल निगम छेउमा रहेको सितलु दास गुठीको प्रांगणमा गर्ने भएको छ । राजवंशी समाज उत्थान समिति (विराट) ले प्रत्येक वर्ष फागुण ६ गते वृहत भेला गर्दै आएको छ । विराट राजवंशी समुदायले १८औं बृहत भेलालाई सभ्य र भव्य वनाउनको लागि समिति र विभिन्न उपसमिति समेत गठन गरिएको छ ।आफ्नो जातिको लागि सहयोग गर्ने वताउँदै विराट राजवंशीको भव्य र सभ्य भेलालाई आफ्नो जातीय भेषभुषा, संस्कृति, पहिचान भल्काउने पहिरनमा उपस्थित भई सहभागी हुन आग्रह समेत गरेका छन् ।

१८औं बृहत भेला सम्पुर्ण विराट प्रेमी दाजुभाइ, दिदिबहिनी, शिक्षक, कर्मचारी, व्यपारी, राजनीतिक दलका नेता गण, किसान, बिधार्थी, कलाकार, बृद्धबृद्धा तथा शुभ चिन्तक इष्टमित्रहरु उपस्थित भई सफल बनाउन को लागि राजवंशी समाज उत्थान समिति (विराट ) केन्द्रिय अध्यक्ष भुवनेसश्वर मण्डल राजवंशीले आग्रह समेत गरेका छन् ।

# स्मृति बोर्डिङ स्कुलमा वादविवाद प्रतियोगिता

विराटनगर । चुडाकवि स्मृति प्रतिष्ठानले स्मृति बोर्डिङ स्कुलमा माघ १६ गते वादविवाद प्रतियोगिता आयोजना गर्ने भएको छ ।

स्मृति बोर्डिङ स्कुलमा हुने वादविवाद प्रतियोगितामा प्रमुख अतिथिको रूपमा पूर्व राष्ट्रपतिलाई निम्ता गरिएको आयोजकले जनाएको छ ।

प्रतिष्ठानले विराटनगरमा पत्रकार सम्मेलन गरी मोरङ जिल्ला स्तरीय वादविवाद प्रतियोगितामा मोरङ जिल्लाका सामुदायिक तथा संस्थागत तर्फका ४८ विद्यालयले सहभागी जनाउन दर्ता भइसकेको र केही विद्यालयहरू प्रतिस्पर्धामा आउने क्रम जारी रहेको जानकारी आयोजकले दिइएको छ ।

प्रतिष्ठानका महासचिव रिता न्यौपानेले यसअघि स्मृति बोर्डिङ स्कुलको नेतृत्वमा हुँदै आएको यो प्रतियोगिता यस वर्षदेखि चुडाकवि फाउन्डेसनले



आयोजना गर्न लागेको जानकारी दिइन् ।

'भौतिक पूर्वाधार विकास कि सामाजिक पूर्वाधार विकास' शीर्षकको वाद विवाद प्रतियोगितामा उत्कृष्ट पक्ष र विपक्ष दुवै समूहलाई नगद सहित, शिल्ड र प्रमाणपत्र प्रदान गरिने न्यौपानेले जानकारी दिइन् ।

प्रतियोगितामा 'प्रथम पुरस्कार २० हजार, द्वितीय पुरस्कार १५ हजार र तृतीय पुरस्कार .११ हजार पक्ष र विपक्ष गरी ६ जनालाई नै नगद सहित पुरस्कार प्रदान गरिने छ ।

सहभागी हुने सम्पूर्ण विद्यालयहरूलाई विशेष प्रमाणपत्र प्रदान गरिनेछ ।' प्रतियोगितामा मोरङ जिल्लाका सामुदायिक तथा संस्थागत तर्फका विद्यालयहरूबाट प्रत्येक विद्यालयका एक/एक जना छात्र र छात्रा सहभागिता जनाउने छ ।

प्रतिष्ठानका सचिव सागर बरालले बालबालिकाको नेतृत्व क्षमता विकासको लागि पक्ष र विपक्षको विचमा आफ्नो तर्क बलियो बनाउन को लागि अभ्यस्त बनाउने उदेश्यले वादविवाद प्रतियोगिता गर्न लागिएको बताए । बिगत चार बर्ष देखि हुँदै आएको प्रतियोगितालाई यो बर्ष विशेष बनाउन लागिएको उनको भनाई छ।

प्रतियोगिताको निर्णायक मा सिस्नु पानी नेपालका सरोज घिमिरे, साहित्यकार तथा लेखक सुबिन भट्टराई, शिक्षा क्षेत्रका भेषजा काफ्ले लगायत रहने जनाईएको छ।

प्रतिष्ठानले वादविवाद प्रतियोगितासँगै, बुढीगंगा गाउँपालिकामा कार्यरत ३८ जना महिला स्वयंसेविका हरूलाई समेत सम्मान गरिने उपाध्यक्ष मणिराम न्यौपानेले बताए ।

# पर्यटकलाई पर्ने समस्या हटाउने : मुख्यमन्त्री

विराटनगर । भारतीय पर्यटकहरूलाई नेपाल आउँदा पर्ने सबै प्रकारका असजिलो हरूलाई हटाउने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताउनु भएको छ ।

कोशी पर्यटन वर्षको मूल आयोजक समितिको आज कोशी टपुमा बसेको बैठकलाई सम्बोधन गर्दै सो कुरा बताएका बताउनु भएको हो ।

नेपालमा आउँदा भारतीय पर्यटकलाई गरिने अनावश्यक चेकजाँच र नोट सटहीको समस्यालाई हटाउन दुईपक्ष बाट पहल गरिने बताउनु भयो ।

कोशी प्रदेश सरकारले आगामी २०८२ साल लाई कोशी पर्यटन वर्ष मनाउने तयारी गरिरहेको बताउँदै उहाँले भारतको बिहार पश्चिम बंगाल लगायतका पर्यटकलाई नेपाल भित्र्याउन का लागि आवश्यक समन्वय र सजीकरण गर्ने जानकारी दिनुभयो ।

कोशी पर्यटन वर्षको मूल आयोजक समितिको आज कोशी टपुमा बसेको बैठकपछि भारतीय पत्रकारहरूसँग उहाँले कुराकानी गर्नुभएको थियो ।

सो अवसरमा मुख्यमन्त्री कार्कीले भारत र नेपाल बीचको अत्यन्तै राम्रो सम्बन्ध रहेको र यो सम्बन्धको आधारमा नेपालको पर्यटन प्रवर्धन गर्न सकिने विचार व्यक्त गर्दै भन्नुभयो । 'तपाईं भारतीय सञ्चारकर्मी मित्रहरूले हाम्रो पर्यटन प्रवर्धनमा महत्वपूर्ण भूमिका खेल्नुहुनेछ,' मुख्यमन्त्री कार्कीले भन्नुभयो, 'कोशी प्रदेशको विकास र समृद्धिको मुख्य आधार नै पर्यटन हो ।'

कोशी प्रदेशको पर्यटन प्रवर्द्धन गर्न प्रदेश सरकार लागि परेको बताउँदै उहाँले आगामी वर्षदेखि पर्यटन प्रवर्धन र विकासका लागि बजेट पनि वृद्धि गरिने जानकारी दिनुभयो ।

समितिको बैठकले कोशी प्रदेशका लागि आगामी वर्ष गरिने कामको रणनीति पास गरिएको थियो । कोशी प्रदेश सरकारले आगामी वैशाख १ गते तेह्रथुमको मिल्के जलजले क्षेत्रमा पर्यटन वर्षको उद्घाटनका लागि कोशी प्रदेश का मुख्यमन्त्री हिक्मतकुमार कार्कीको नेतृत्वमा मूल आयोजक समिति गठन गरेको छ ।

# विपन्न विद्यार्थीहरूलाई न्यानो कपडा र शैक्षिक सामग्री प्रदान

विराटनगर । धनकुटाका पत्रकारहरूले विपन्न परिवार का विद्यार्थीहरूलाई न्यानो कपडा र शैक्षिक सामग्री प्रदान गरेका छन् । तिहारमा देउसीभैलो खेलेर सङ्कलन भएको रकमबाट पत्रकारहरूले धनकुटा-७ स्थित त्रिवेणी माध्यमिक विद्यालयमा अध्ययनरत विपन्न परिवारका ११ जना विद्यार्थीहरूलाई स्विटर, टोपी, कपी र कलम प्रदान गरेका हुन् ।

सदैभैं यो वर्ष पनि धनकुटाका एक दर्जन बढी पत्रकारहरूले जिल्ला सदर मुकाममा दुई दिन देउसीभैलो खेलेका थिए । सोही देउसीभैलोमार्फत सङ्कलन भएको रकमबाट विद्यार्थीहरू लाई सहयोग गरिएको हो । सामग्री हस्तान्तरणका लागि विहीबार विद्यालयमा आयोजित कार्यक्रममा देउसी भैलो कार्यक्रमका समन्वयकर्ता एवं पत्रकार महासंघका उपाध्यक्ष रविन कटेलले सङ्कलित रकमलाई सामाजिक काममा खर्च गरौं भन्ने सोचले विद्यार्थीहरूलाई सहयोग गरिएको जानकारी दिए ।

सो अवसरमा त्रिवेणी माध्यमिक विद्यालयका प्रधानाध्यापक दीपक पोखेलले देउसीभैलो खेलेको पैसालाई सदुपयोग गरेर विपन्न विद्यार्थीहरूलाई सहयोग गरेकोमा पत्रकारहरूलाई धन्यवाद दिए । कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष विदुर खवास, उपाध्यक्ष कटेल, अकोरावका केन्द्रिय उपाध्यक्ष गोपाल बराइली, फोनिजका निवर्तमान प्रदेश अध्यक्ष सन्तवीर लामा, प्रेस युनियनका अध्यक्ष विनोद घिमिरे, फोनिजका जिल्ला अध्यक्ष मानवी मोक्तान, प्रेस सेन्टरका सचिव विपिन दाहाल पत्रकारहरू कोकिला भण्डारी, जानु तामाङ, प्रमिला घिमिरे, प्ज्वल कटेल लगायतले विद्यार्थीहरूलाई सामग्री प्रदान गरेका छन् ।

धनकुटाका क्रियाशील पत्रकारहरूले हरेक वर्ष देउसीभैलो खेलेर सङ्कलन भएको रकमलाई सामाजिक काममा खर्च गर्दै आएका छन् । उनीहरूले गत वर्ष श्रीपञ्चमी पार्कस्थित बाल पुनस्थापना केन्द्रमा आश्रित बालबालिकाहरूलाई शैक्षिक सामग्री प्रदान गरेका थिए ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३५४४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

# सुर्यवंशी राजा लिच्छवीबाट, विक्रम सम्वतको शुरूवात

जयप्रकाश महतो

विराटनगर । विक्रम सम्वत् नेपाली माटोको मौलिक सम्बत हुन् । समग्र सृष्टि सहित मानव जातिको उत्पति केन्द्र तथा ज्ञान विज्ञानको मुहान हिमवत्खण्ड आर्य संस्कृति, सभ्यता हो । विक्रम संवत् सनातन हिन्दु परम्परा धर्ममा आधारित नेपालको आधिकारीक राष्ट्रिय पञ्चाङ्ग पात्रो हो । हिन्दू पञ्चाङ्ग हिन्दू समाजद्वारा मानिने पात्रो हो । पञ्चाङ्ग नाम पाँच प्रमुख भागहरूबाट बनेका हुन सक्छ । यसको कारण यो छ : पक्ष, तिथी, वार, योग र गर्ण । एक सालमा १२ महिना हुन्छन् । प्रत्येक महिनमा १५ दिनका दुई पक्ष : शुक्ल र कृष्ण हुन्छन् । पञ्चाङ्ग ( पंच+अङ्ग =पाँच अङ्ग) हिन्दू काल( गणनाको रीतिदेखि निर्मित पारम्परिक पात्रो वा कालदर्शकलाई भन्दछन् । पञ्चाङ्ग नाम पाँच प्रमुख भागहरूबाट बनेका कारण यो छ( तिथि, वार, नक्षत्र, योग र करण ।

किराँत, लिच्छवी, मल्ल, सेन, शाह वंशका कतिपय शिलालेखमा विक्रम सम्वत् उल्लेख हुनुको अर्थ सिंगो हिमवतखण्डको संवत् हो भन्ने कुरा पुष्टि हुन्छ । यस प्रकार विक्रम संवत नेपालको प्राचीन संवत् हो भनेर स्वीकार नै ईतिहास प्रति सच्चा न्याय हुन्छ ।

राजा विक्रमादित्यले चलाएको सम्वत् हो भनेर मानिन्छ । उक्त विक्रमादित्य भारतको उज्जयनको राजा हो भनेर नेपालको बिभिन्न शब्दकोशले पनि उल्लेख गरेका छन् । तर यसको आधिकारिक प्रमाण भेटिदैन् । यसै सम्बन्धमा वि.स.१९३७ मा छिमेकी राष्ट्र भारत गुजरातका अनुसन्धान विद पं भगवानलाल इन्द्र जी नेपाल आएर यहाँबाट झण्डै २३ वटा महत्वपुर्ण अभिलेख खोजेर लगेको र त्यसको गहिरो अध्ययन अनुसन्धान गरेर लिच्छवी कालमा उल्लेखित सम्वतलाई विक्रम सम्वत हुन भनेर निचोड निकालेका हुन् ।




भारतको कलकता विश्व विद्यालयका इतिहासका प्राध्यापक राधागोविन्द बासकले भारतको उतरी पूर्व भागको इतिहासमा लेखेका छन् : राजा मानदेव पालाको सम्बत ३८६ को चाँगुको अभिलेखको सम्वत विक्रम सम्बत नै हो भनेर स प्रमाण पुष्टि गरेका छन् । यसरी विक्रम सम्बत ३८६ देखी प्रारम्भ भएर चपली गाँउमा रहेको अभिलेखमा लेखिएको सम्बत विक्रम सम्बत नै हुन ।

नेपालको इतिहासकार बाबुराम आचार्यको भनाई अनुसार विक्रम सम्बत उठान भएको समयमा भारतको उज्जयनीमा राजा विक्रमादित्यको अस्तित्व देखिदैन् ।

नेपालको अर्को अनुसन्धान कर्ता शंकरमान राजवंशीले पूर्व लिच्छवीकाल र उत्तर लिच्छवी कालका सम्बतहरु सक सम्बत नभई विक्रम विक्रम सम्बत हो भनेर ठोकुवा गरेका छन् । त्यसैले, चाँगुनारायण लगायत लिच्छवीकाल सम्मको अभिलेखहरु विक्रम सम्वत मानिदै आएको छ ।

नेपालको प्रचलित राजकीय वंशावलीलाई अध्ययन गर्दा राजा विक्रमादित्य नेपाल कै लिच्छवीकालका कुनै राजा हुन सक्छ भन्ने बुझन सकिन्छ ।

राजा विक्रमादित्य बारेमा पशुपति महात्म्यमा लेखिएको छ 'अथ सूर्यवंश प्रभावोन्नेपाले किराँत राजन निर्जित्य लिच्छवी पंश प्रवर्तते' अर्थात सूर्यवंशी लिच्छवीको प्रभावले किराँत राजालाई जीति लिच्छवी वंशका पहिला राजालाई धर्मपाल भुमिपाल विक्रमादित्य आदी भनिएको र तिनकै शासनकाल देखी विक्रम सम्वत सुरु भएको बताइन्छ ।

यस कारण सूर्यवंशी यस भूगोलको पूर्व शासक र राष्ट्र निर्माणमा अहम भूमिका निर्वाह गर्ने जाति हुन् । पाल्पा राज्य लिच्छवी राजाको अधिन : प्राचीनकालिन इतिहास प्रमाणिराजा मानदेवले आक्रमण गरेको गण्डकी पारीको मल्लपुरी पाल्पा राज्य कै भू भाग थियो भने राजतरगिणी नामक ग्रन्थमा उल्लिखित जयापिड विनयादित्य र लिच्छवी राजा अरमुड्डीका बिच भएको युद्धको वर्णनका आधारमा पाल्पा राज्य प्राचीनकालमा लिच्छवीहरुको अधिनतामा रहेको देखिन्छ ।(स्रोत नवलपरासी जिल्लाको इतिहास र पर्यटनको झलक, पेज ६८, लेखक डा. बम बहादुर अधिकारी) ।

समय, कालचक्र र वर्ष मिति मापनको एक प्रणालीलाई सम्बत भनिन्छ । यसको बैकल्पिक हिज्जेहरु संवत्, सम्बत, सम्वत्, सम्वत् हुन ।

बि.स.ले सम्पुर्ण विज्ञानलाई प्रतिनिधित्व गर्छ । बि.स.ले खगोल विज्ञान, भौतिक विज्ञान, धार्मिक शास्त्र, समाज विज्ञान, जिव विज्ञान र गणितसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । यो सामान्य कुरा होइन् । अर्थात हाम्रो राष्ट्रका विद्धानहरु विज्ञानका सर्जक हुन् । विज्ञानको जननी हाम्रो राष्ट्र नेपालको माटो हो । बि.स. को शुरुवात नेपालबाट हुनु नै सवल उदाहरण हुन् । लेखक महतो भाषा संस्कृति प्रतिष्ठान विराटनगर मोरंगका अध्यक्ष हुन् ।

## लागुऔषध सहित २ पक्राउ

इलाम । इलामको रोङ गाउँपालिका-४ स्थितबाट लागूऔषध ब्राउन सुगर सहित २ जनालाई प्रकाउ गरेको छ ।

माघ १० गते प्रहरी चौकी किटेनीबाट ट्राफिक सहित खटिएको चेकिङ टोलीले चेकजाँचको क्रममा प्रदेश १-०१-०१७ प ५०७५ नम्बर को मोटरसाइकलमा सवार रहेका सुर्योदय नगरपालिका-८ का ३१ बर्षीय मुस्कान तामाङ र सुर्योदय नगरपालिका-६ का २७ बर्षीय पुजन तामाङलाई ४ ग्राम ७९ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका दुबै जनाको इलाका प्रहरी कार्यालय पशुपतिनगर बाट थप अनुसन्धान भईरहेको छ ।

## अर्धवार्षिक प्रगति विवरण समिक्षा सम्पन्न

बिरानगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक राजन अधिकारीले कोशी प्रदेशका १४ वटै जिल्ला प्रहरी प्रमुख, प्रशिक्षण प्रदायक कार्यालय तथा अन्य कार्यालय प्रमुखहरुसंग भर्चुअल माध्यम द्वारा अर्धवार्षिक कार्य सम्पादन प्रगति विवरणको समिक्षा गर्नुका साथै आवश्यक निर्देशन समेत दिनु भएको छ ।

माघ ११ गते कोशी प्रदेश प्रहरी प्रमुख अधिकारीको प्रमुख आतिथ्यतामा भर्चुवल माध्यम द्वारा भएको प्रगति विवरण समिक्षा कार्यक्रममा प्रदेश अन्तर्गतका प्रहरी कार्यालयहरु द्वारा गरिएका कार्यहरुको विश्लेषणात्मक समिक्षा गरिएको थियो । समिक्षा कार्यक्रममा मुद्दाको फछर्यौट, प्रमाणमुखि अनुसन्धान, फरार प्रतिवादी पक्राउ, लागुऔषध ओसार पसार तथा प्रयोगलाई नियन्त्रण, साईबर अपराध, आर्थिक अपराध नियन्त्रण, हराएका मानिसहरुको खोज तलास, पहिचान नभएका लाश को पहिचान, भन्सार छली नियन्त्रण, सवारी दुर्घटना न्युनिकरणमा विशेष पहल, सम्वेदनशिल इलाकाहरुमा थप सिसि क्यामेरा जडान तथा स्तर बृद्धि, समुदाय साझेदारी कार्यक्रम अन्तरगत बिभिन्न सचेतनामुलक कार्यक्रम संचालन लगायतका बिषय हरुमा जिल्ला प्रहरी कार्यालय लगायत मातहत इकाईहरुबाट गरिएका कार्यहरुको समिक्षा गरिएको थियो ।

प्रदेश प्रहरी प्रमुख अधिकारीले भर्चुअल माध्यम द्वारा समिक्षा कार्यक्रममा उपस्थित कार्यालय प्रमुखहरु लाई कार्य सम्पादन सम्झौता अनुसार आफ्नो लक्ष्य अनुसार पुरा गर्नु पर्ने कार्यहरुमा गम्भिरतापूर्वक लागि पर्न तथा थप रचनात्मक कार्यहरुका साथ आम नागरिकको सेवामा २४ सै घण्टा तल्लिन रही जन चाहना बमोजिमको प्रहरी सेवा प्रदान गर्न निर्देशन दिनु भयो । कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी नायव उपरीक्षक विनोद कुमार सुनुवारले कार्यक्रमको सहजिकरण गर्नु भएको थियो भने उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिपक पोखेल, प्रहरी उपरीक्षक आर्किटेक हरि डंगोल लगायत सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।

## मन्त्रालयद्धारा श्रव्यदृष्य उत्पादन सामग्री हस्तान्तरण

विराटनगर । कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरलाई श्रव्यदृश्य उत्पादनका सामग्री (क्यामेरा र अडियो रेकर्डर) हस्तान्तरण गरेको छ ।

माघ ९ गते बुधवार आन्तरीक मामिला तथा कानून मन्त्रालयका निमित्त प्रदेश सचिव कमल थापाले प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारी लाई उक्त सामाग्रीहरु हस्तान्तरण गर्नु भएको थियो । सामग्री हस्तान्तरण कार्यक्रममा सम्बोधन गर्नु हुँदै निमित्त प्रदेश सचिव कमल थापाले कोशी प्रदेश प्रहरी कार्यालयले आम जनमानसमा सचेतना अभिवृद्धि गरी समाजमा शान्ति सुरक्षा तथा अपराध नियन्त्रण गर्न संचालन गरीरहेको बिभिन्न सचेतनामुक कार्यक्रमहरुलाई थप टेवा पुऱ्याउनको लागि उक्त सामाग्रीहरुले महत्वपुर्ण भुमिका निर्वाह गर्ने बताएका थिए । साथै वहाँले आगामि दिनहरुमा समेत यस्तो प्रकारको सहयोग गर्ने प्रतिबद्दता व्यक्त गरेका थिए ।

कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमुख अधिकारीले कोशी प्रदेश प्रहरी कार्यालयबाट उत्पादित जनचेतनामुलक सामग्रीहरु सामाजिक संजाल, रेडियो र टेलिभिजनको माध्यमबाट प्रसारण गरी आम नागरिक मा सचेतना अभिवृद्धि गराउनको प्रदान गरिएको छ ।

उक्त सामग्रीले सचेतना मूलक कार्यक्रमहरु उत्पादन मा थप प्रभावकारिता ल्याउने वताउनुका साथै सामग्री हस्तान्तरण गर्नु हुने कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई बिशेष धन्यवाद दिनु भएको थियो । हस्तान्तरण कार्यक्रममा मन्त्रालयका पदाधिकारी तथा प्रहरी अधिकृतहरुको उपस्थिती रहेको थियो ।


## सहिदहरूप्रति सम्मान गरौं

- सहिदहरु राष्ट्रिय गौरव हुन,
- सहिदहरूको बलिदान र योगदानको स्मरणगरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पुरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देश प्रेम र एकताको भावना जागृत गरौं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपालीहरु एकसाथ जुटौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड




# हिसान खेल्नैका लागि मोरंग अन्तर्गतका स्कुल कलेजमा विद्यार्थी भर्ना




विराटनगर। हिसान खेल्नैका लागि कोशी प्रदेश र मधेश प्रदेश भरिका खेलप्रेमी विद्यार्थीहरु हिसान मोरङ अन्तर्गतका स्कूल कलेजमा भर्ना हुन लालयित भएको हिसान मोरंग अध्यक्ष अमित ढकालले वताएका छन ।

हिसान मोरङको मूल मन्त्र, शिक्षा र खेलकुद बलियो संयन्त्र नाराका साथ शुरु भएको हिसान मोरङ स्पोर्ट्स मीट २०८१ मघ १० गते शनिवार देखि शुरु भई सकेको छ । हिसान मोरङ स्पोर्ट्स मीट हुनेवारे गरिएको पत्रकार सम्मेलनमा हिसान मोरंगका अध्यक्ष ढकालले सो कुरा वताएका थिए ।

हिसान मोरङको आयोजना मा २०८१ माघ १० गतेदेखि १६ गतेसम्म हिसान मोरङ स्पोर्ट्स मीट हुनेछ । खेलकुदको माध्यमबाट अनुशासन कायम राख्न, स्वस्थ र सावभौमिकताको रक्षा गर्नसक्ने देशभक्त नागरिक उत्पादन गने, धुम्रपान, मद्यपान तथा लागुपदार्थको कुलतबाट युवाहरुलाई बचाइ राष्ट्रियस्तर का खेलाडीहरु तयार गरी खेलकुदको माध्यमबाट देशकै नाम ससारभर चिनाउने महान उदेश्य राखीआयोजना गरी रहेको अध्यक्ष ढकालले जानकारी गराए ।

मोरङ हिसान स्पोट्स मिट अन्तर्गत महिला र पुरुप फुटबल, पुरुष तथा महिला भलिवल, पुरुष क्रिकेट, पुरुष वास्केटवल, पुरुप कर्वाड, पुरुष एबम महिला टेबल टेनिस सिइल र डबल, लामो र छोटो दुरीको दौड प्रतियोगिता जस्ता इभेन्ट्सको गर्नेछ ।

जसमा मोरङ जिल्लाभरका सस्थागत विद्यालय र कलेजका कक्षा ११ र १२ अध्ययन गर्ने लगभग ३० हजार विद्यार्थीहरु मध्येबाट हरेक कलेज तथा विद्यालयले आन्तरिक प्रतिस्पर्धाबाट खेलाडीहरु छनौट गरिएका आ-आफ्ना उत्कृष्ट विद्यार्थीहरु विच प्रतिस्पर्धा गराइ सिगल र टिम इभेन्टसमा सहभागिताको लागि रजिष्ट्रेशन भई सकेको छ ।

यसवर्ष फुटबलमा २२ टिम सहभागी भएका छन जसमा पेस्ट स्कोरर, बेस्ट किपर र बेस्ट प्लेयरका साथै २१ वटा म्यान अफ द म्याच दिने तय भएको छ। त्यसैगरी १७ टिम सहभागी भएको ननिवल खेलमा वेस्ट स्पाइकर, रेजर, ब्लकर, सर्भर र डिफेन्सरका साथै १६ वटा म्यान/बोमन अफ द म्याच दिने तय भएको छ। यसरी नै १३ टिम सहभागी भएका क्रिकेट खेलमा पनि बेस्ट बलर, वेस्ट व्याट्स म्यानं, र बेस्ट प्लेयरका साथै १२ बटा म्यान अफ द म्याच दिने तय भएको छ ।

हिसान मोरइले फुटवल र भलिबलमा प्रथम र दोस्रो हुने टिमलाइ ट्रफी र प्रमाणपत्र एवम खेलाडीलाई मेडल र प्रमाणपत्रले सम्मान गर्दछ भने वास्केटबलमा प्रथम लाई, लामो र छोटी दुरिको दौडका साथै टेबलटेनिसमा प्रथम, दोश्रो, तेस्रो र चौथो हुने महिला तथा पुरुषलाइ ट्रफी, मेडल र प्रमाणपत्रले सम्मान गर्ने भएको छ ।

क्रिकेट खेल बिराटनगर १९ स्थित क्रिकेट रंगशाला माघ १० गतेबाट शुरुहुने भएको छ । फाइनल खेल र समापन कार्यक्रम माघ १६ गते सहिद दिवसको दिन सहिद रंगशालामा सम्पन्न गर्ने तय गरिएको अध्यक्ष ढकाले वताए ।

वि.स २०६५ सालमा नेपालमै पहिलो पटक विराटनगर मोरङमा रमपम हिसान स्पोट्र्स मीट विभिन्न अवरोधको बावजूद पनि फूटबल र क्रिकेट प्रतियोगिता आयोजना गरि शुरु गरिएको थियो ।

इतिहासकै पाना पल्टाउदा, २०६५ मा निजी शिक्षालयलाई खेलमा अगाडि बहन दिइयो भने निजी शिक्षा अभिभावक र विद्याधीका पहिलो रोजाइमा पर्दछ भन्ने संकुचित मानसिकता राखि एक राजनितिक दलले खेल सुरु हुने ठिक अघिल्लो दिन सहिद रसशालामा ट्याक्टर लगाएर जोतिदिएको थियो। तात्कालिन जिल्ला प्रशासन र हिसान मोरङको टिमले रातारात मैदान सम्माइ फुटवल खेल खेलाएको पनि हामी विच ताजे छ। त्यस्तै डिग्री क्याम्पसमा क्रिकेट खेलाउन सुरक्षाको कारणले नसकिएको कारण पुलिस क्याम्प भित्र खेलाइ सुरु गरिएको विगत पनि मुलेका छैनौ। यस्तो प्रतिकूलतामा खेलकुद कार्यक्रम सञ्चालन गर्ने हिसान मोरइको टिम र जिल्ला प्रशासनको टिमलाई हार्दिक धन्यवाद दिन चाहान्छौ। त्यहि समय देखि हिसान मोरडले निरन्तर रूपमा माघ १० गतेदेखि १६ गतेसम्म हिसान स्पोट्स मीट सञ्चालन गर्दै आएको कुरा यहांहरुलाई विदित नै छ । यस्तो कालखण्ड बाट सुरु भएको हिसान स्पोट्र्स मिट अहिले तः ब्रान्ड ने भइसकेको छ ।

# शान्ति, सुरक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान

विराटनगर । शशस्त्र प्रहरीले सीमा सुरक्षा, बिपद र शान्ति सुरक्षाको क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताउनु भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर एक बाहिनी मुख्यालय पकली इटहरीमा २४ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले सशस्त्रको गौरव गाथा स्मरणीय रहेको चर्चा गर्नुभयो ।

सशस्त्र प्रहरीले सीमा क्षेत्रमा बोडरपोस्ट र कतिपय ठाउँमा भवनहरु नभएपनि सीमा सुरक्षामा खेलेको भुमिका अविष्मरणीय रहेको बताउँदै उहाँले भन्नुभयो - 'कोरोनाकालमा सीमा क्षेत्रमा र विपद् आउँदा अग्रभागमा खेलेको भूमिकाले सशस्त्र प्रहरी बल महत्वपूर्ण रहेको छ ।' सिमित स्रोत साधनबिच सीमा सुरक्षा गरेर राजस्व वृद्धि गर्न र विपत व्यवस्थापन काम गरेकोमा प्रशंसा गर्नुभयो । काही विपद् भयो भने सशस्त्र प्रहरी छ यसले काम गर्छ भनेर ढुक्क हुने अवस्था रहेको उहाँले बताउनु भयो ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले ५२ वटा बोडर पोस्ट निर्माण गरेको जानकारी दिँदै आगामी दिनमा थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । दुई ठुला देश रहेको र भारतसँग खुला सीमा रहेको आपसी समन्वय गरेर काम गर्दै देशले लाभ लिन सक्नु पर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा सशस्त्र प्रहरीका प्रहरी नायव महानिरीक्षक (डिआईजी) सम्भु सुवेदीले धन्यवाद मन्तव्य व्यक्त व्यक्त गर्दै सशस्त्र प्रहरीले विभिन्न आरोह अवरोह पार गर्दै जनताको सेवा गर्दै यहाँ आइपुगेको बताउनुभयो ।

यस्तै प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) मनिष थापाले शसस्त्र स्वागत मन्तव्य व्यक्त गर्दै सशस्त्र प्रहरीले गरिरहेको कामका विषयमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा विभिन्न ब्यक्ति र प्रहरीलाई सम्मान गरिएको थियो ।

# लागुऔषध सहित पाँच पक्राउ

विराटनगर । झापा र उदयपुरबाट लागूऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

माघ ०७ गते झापाको झापा गाउँपालिका-२ र ५ स्थितमा इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ११ ग्राम ६१५ मिलिग्राम ब्राउन सुगर सहित अर्जुनधारा नगर पालिका-५ का ३० बर्षीय प्रबिण गिरी, कन्काई नगरपालिका-८ का २५ बर्षीय सुमन राजबंशी, पाँचथर फिदिमका १९ बर्षीया रदिमा बर्देवा र १८ बर्षीया ईन्दिरा लिम्बुलाई पक्राउ गरेको थियो ।

त्यसैगरी उदयपुरको इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले चौदण्डीगढी नगर पालिका- ३ कि २८ बर्षीया सम्झना राईलाई ५ किलो ९९० ग्राम गाँजा सहित पक्राउ गरेको छ ।

पक्राउ गरेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

## बैकमा...

संस्थालाई पनि 'लाइसेन्स प्राप्त मिटरब्याजी' भन्ने आरोप लाग्ने गरेको छ । नियामक निकायबाट विभिन्न समयमा कतिपय लघुवित्त संस्थामाथि कारबाही पनि भएको छ ।

मिटरब्याज भनिने गैर कानुनी लेनदेन हाम्रो अर्थतन्त्रको ठूलो समस्या हो । यसले देशको अर्थतन्त्र असन्तुलित बनाएको छ । बैंकिङ प्रणालीमा रहेको ठूलो परिमाणको रकम केन्द्रीय बैंकको ढुकुटीमा थन्किनुको कारण पनि यही हो ।

समाधानको बाटो

मिटरब्याजको समस्या समाधान र विसंगति अन्त्यका लागि कानुनी उपचार प्रभाव कारी बनाउनुपर्छ ।

पीडितलाई मिटरब्याजी साहुविरूद्ध उजुरी गर्न प्रोत्साहित गर्नुपर्छ । पीडितले प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सक्ने व्यवस्थाको उपयोग गर्नुपर्छ ।

सरकारले मुद्दा कमजोर बनाउने प्रवृत्ति अन्त्य गर्न अनुसन्धान प्रभावकारी बनाउनुपर्छ । मुद्दा अदालतमा पेस गरेर न्याय माग्न सकिन्छ । साहुको धम्कीबाट जोगिन अदालतबाट अस्थायी संरक्षण आदेश समेत लिन सकिन्छ। मिटरब्याजी प्रथा अन्त्य गर्न प्रदेश सरकार र स्थानीय तहले कडा कानुनी व्यवस्था गर्न सक्छन् ।

स्थानीय तह, गैरसरकारी संस्था र सामाजिक अभियान मार्फत आममानिसमा मिटर ब्याज तथा अनुचित लेनदेनको जोखिमबारे जागरण कार्यक्रम चलाउनुपर्छ । ऋण लेदनदेन प्रक्रियाबारे कानुनी व्यवस्था बारे जानकारी गराउनुपर्छ ।

सर्वसाधारणलाई औपचारिक वित्तीय स्रोतबाट मात्र ऋण लिन प्रेरित गर्नुपर्छ । स्थानीय सरकारले न्यून आय भएका परिवार लाई सहकारी संस्था वा बैंकिङ प्रणालीमार्फत उचित ब्याजदरमा ऋण दिने कार्यक्रम ल्याएर मद्दत गर्नुपर्छ । यस्तै मद्दत साना तथा मझौला व्यवसायीलाई पनि गर्नुपर्छ । समाजले पीडितलाई असहयोग गर्ने र पीडकलाई समर्थन गर्ने प्रवृत्तिको अन्त्य हुन आवश्यक छ ।

सुदखोर ऋणदाताले कसैलाई पनि बाँकी नराख्ने हुनाले पीडितलाई जोगाउन सामूहिक कदम चाल्नुपर्छ । पीडितलाई हतोत्साहित गर्नु हुँदैन, मनोवैज्ञानिक परामर्श समेत उपलब्ध गराउनुपर्छ ।

यसमा समाजसेवी गैर सरकारी संस्था र स्थानीय सरकारले सहकार्य गर्न सक्छन् । स्वरोजगारी र आयमूलक कार्यक्रमबाट मिटरब्याजको समस्या बिस्तारै समाधान हुन सक्छ । पारिवारिक खर्चका लागि आवश्यक रकम आम्दानी गर्न सक्ने व्यवसाय गर्न प्रोत्साहित गर्नुपर्छ । यसका लागि आवश्यक तालिमको प्रबन्ध गर्नुपर्छ । कानुनी निकायबाट सहुलियत ब्याजमा ऋण पाउने व्यवस्था गर्नुपर्छ ।

पीडितका पक्षमा कानुन बन्यो, न्यायको बाटो खुला भयो तर प्रतिकूलता अन्त्य भएको छैन । कानुन मात्रले समस्या समाधान हुँदैन। आवश्यक परेका बेला वैध संस्थाबाट ऋण पाउने सुविधा हुनुपर्छ । तब मात्र मिटरब्याजी प्रथा व्यावहारिक रूपमा अन्त्य हुन सक्छ । सेतोपाटीबाट

हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

बुढीगंगा गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश